# आठविसकोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## आठविसकोट, रुकुम(पश्चिम)

### कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४८५८३१३८
९८४८११२८१७

Website:
www.aathbiskotmun.gov.np


पत्रसंख्या: २०७९/०८०

मिति: २०७९/१०/२९

चलानी नम्बर : .........

श्री, वडा कार्यालयहरु (सबै)
आठविसकोट नगरपालिका
रुकुम (पश्चिम) ।

**विषय: : आगामी आ.व. २०८०/८१ का लागि बेरोजगार सूचिम सूचिकृत हुनको लागि निवेदन दिने बारे सूचना ।**

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प.स. २०७९/८०, च.न. PMEP/३३५, मिति २०७९/१०/२३ को पत्रानुसार **श्रमको सम्मान, राष्ट्रको अभियान सम्बन्धी रणनीति, २०७८** मा उल्लेख भए अनुसार **"न्यूनतम रोजगार, नागरिकको अधिकार"** सम्बन्धी सञ्चार अभियान सञ्चालनको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८०/८१ मा न्यूनतम रोजगारीमा संलग्न हुन चाहाने ईच्छुक बेरोजगार व्यक्तिहरुले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को अनुसूची १ मा रहेको बेरोजगार दर्ताको लागि दिने निवेदनको ढाँचामा इच्छुक बेरोजगार व्यक्तिहरुले आफु स्थायी बसोबास गरेको सम्बन्धित वडाको वडा कार्यालयमा गई फागुन मसान्त भित्र पूर्ण विवरण सहित आवश्यक कागजात संलग्न गरी निवेदन दिनुहुन सूचित गरिन्छ।

**आवश्यक कागजपत्र::**

- ❖ निवेदन फारम
- ❖ निवेदकको नागरिकताको प्रतिलिपी
- ❖ निवेदकको एक प्रति पासपोर्ट साईजको फोटो
- ❖ अपाङ्गता तथा बैदेशिक रोजगारीको विवरण भरेको भए सम्बन्धित कागजाताको प्रतिलिपी

**निवेदन दिदा ध्यान दिनुपर्ने कुराहरु ::**

- ❖ आर्थिक र सामाजिक अवसरबाट बञ्चित महिला, आदिवासी, जनजाति, मधेसी, दलित साथै अन्य विपन्न सिमान्तकृत समुदायका व्यक्तिहरुलाई प्रथामिकतामा राखी न्यूनतम रोजगारीका कार्यक्रम सञ्चालन गरिने हुदाँ यथार्थपरक र पूर्ण विवरण सहितको निवेदन दिनुपर्नेछ ।
- ❖ निवेदक १८ वर्ष पुरा भई ५९ वर्ष उमेर ननाघेको हुनुपर्नेछ ।
- ❖ मापदण्ड र विवरण पुरा नभई आएका निवेदन मान्य नहुने र फारम भर्दा अनिवार्य रुपमा निवेदकको परिवारका सबै सदस्यहरुको जन्ममिति, नगरिकता नं., जारी मिति, जारी जिल्ला, र पारिवारीक आम्दानी लगायतका सम्पूर्ण विवरण पुर्ण रुपमा भर्नुहुन सूचित गराईन्छ ।

मणि राज शाह
नि. प्रमुख प्रशासकीय अधिकृत

अनुसूची १

(दफा १८ को उपदफा (१) सँग सम्बन्धित)

**बेरोजगार दर्ताको लागि दिने निवेदन**

श्री ....... नं. वडा कार्यालय,

............................... गाँउपालिका/नगरपालिका, जिल्ला.........................

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ ले गरेको व्यवस्था बमोजिम मैले न्यूनतम रोजगारीको अवसर नपाएको र नेपाल सरकार/प्रदेश सरकार/ स्थानीय तहद्धारा संचालित न्यूनतम रोजगार कार्यक्रममा संलग्न हुन ईच्छुक भएकोले देहाय बमोजिमको विवरण सहित रोजगारी पाउनको लागि अनुरोध गर्दै यो निवेदन पेश गरेको छु ।

१. नाम, थर :..................................................

२. स्थायी ठेगना :.............................. न.पा./ग.पा. वडा नं.......................

३. अस्थायी ठेगना :...................................... न.पा./गा.पा. वडा नं............

४. नागरिकता नं./ राष्ट्रिय परिचयपत्र नं. र जारी भएको जिल्ला ............................

५. परिवारको सदस्य संख्या र रोजगारीको अवस्था (निवेदक सहित)

| नाम | निवेदकसँगको नाता | जन्म मिति | योग्यता | सीप | रोजगारीको अवस्था | कार्य अनुभव |
|---|---|---|---|---|---|---|
| | (निवेदक) | | | | | |
| | | | | | | |
| | | | | | | |

६. वार्षिक पारिवारिक आय : रु ............... अक्षरुपी ..................................

७. शैक्षिक योग्यता : .................................................................

८. आफूले हासिल गरेको सीप/तालिमको विवरण :....................................

९. कामको अनुभव ..........................................................................

१०. काम गर्न चाहेको क्षेत्र :..........................................(वन, कृषि,निर्माण, अन्य)

११. काममा खटिन चाहेको सम्भावित समय........................देखी.......................सम्म

१२. काम गर्न चाहेको ठाँउ .....................................

उपरोक्त वमोजिमको विवरण साँचो हो, झुठा ठहरे प्रचलित कानून बमोजिम सहुँला/ बुझाउला भनी सहिछाप गर्ने ।

निवेदकको सही ..................                                   मिति :..........................